# महिलाले बदले गाउँ



सिँचाइ पोखरी बनाउँदै महिला ।    तस्बिर : प्रकाश/कान्तिपुर

**प्रकाश अधिकारी**

तोलीपानी (दैलेख)- केही वर्ष अघिसम्म दुर्गम र पिछडिएको सूचीमा पर्थ्यो मालिका गाविसको तोलीपानी गाउँ । यसका लागि कसैले एक रुपैयाँ बजेट छुट्याउँदैनथ्यो । कुनै नेताले गाउँ टेकेका थिएनन् । समस्यै-समस्याका कारण बिरक्तिएर यस गाउँका पुरुष २/४ पैसाका लागि भारत पुग्थे । खानेपानी लिन लोहोरे र कर्णाली नदी पुग्नुपर्थ्यो । पढाइका लागि बालबालिकाले दैनिक अढाइ घन्टा उकालीओराली गर्नुपर्थ्यो । तर, अहिले स्वरूप बदलिएको छ । विकास र समृद्धिका दृष्टिले त्यस भेगका अन्य गाउँलाई उछिन्न पुगेको छ तोलीपानीले ।

त्यसको जस भने सोही गाउँका महिलालाई जान्छ । उनीहरूको सक्रियता साँच्चिकै उदाहरणीय छ । आफ्नो र पराइ सोच्दैनन्, सामूहिक रूपमा श्रमदानमा जुट्छन् । पाएको बजेट सदुपयोग गर्न सिकेका छन् । सोही कारण थोरै बजेटमा धेरै विकास गर्न भ्याएका छन् । 'मेहेनत र पसिनाको सम्मान बल्ल पाउँदै छौं,' अगुवा महिला कृष्णा बुढा भन्छिन्, 'आजभोलि हाम्रो गाउँ सबैका लागि हेर्नलायक बनेको छ । इच्छाशक्ति भए सहयोग थोरै भए पनि पुग्दोरहेछ भन्ने पनि सिक्यौं ।' उनले यसै वर्ष राष्ट्रिय महिला कृषक सम्मान पुरस्कार पाइन् ।

जिल्ला खुला दिसामुक्त घोषणाको तयारीमा छ, मालिका गाविस अझै त्यसबाट मुक्त हुन सकेको छैन । तर, ४२ घरधुरी रहेको यो गाउँ ०६८ माघमै खुला दिसामुक्त भइसक्यो । अक्सफाम जीबी र सुडेक नेपालले खानेपानी, सिँचाइ र शौचालय निर्माणमा सघाए । दिगो जीविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना लागू भयो । श्रमदानबाटै बाल शिक्षा भवन बन्यो । आफ्ना नानीहरूसँगै आमाले समेत कखरा चिन्न थाले ।

साँझपख सहभागितामूलक सिकाइ कक्षा (पीएलसी) मा सबै दिदीबहिनी जम्मा हुन थाले । र, अक्षर चिन्न/लेख्न सक्ने हुँदै गए । एक कक्षा पनि नपढेका महिलाले आफ्ना पतिलाई समेत साक्षर गराउन थाले । महिलाको सक्रियताका कारण विकास भित्रिएपछि पुरुषहरू पनि सहयोगी बन्न थाले । 'अधिकांश समय देश (भारत) हुनुहुन्थ्यो, खेतीपाती लगाउनासाथ उतै जाने चलन थियो,' पुन्मा घर्ती भन्छिन्, 'यता आएका बेला हामी सबै लागेर आफूले सिकेका ज्ञानगुन सिकाउँदै गयौं ।' उनका अनुसार अन्यत्रको जस्तो जाँडरक्सी खाएर बिग्रिने स्वभाव यहाँका पुरुषमा छैन, सोही कारण विकासमा सहयोग मिलेको छ ।

महिलाको सामाजिक अभियानबाट पुरुषहरूसमेत दंग छन् । 'अब इन्डिया जानु परेन, व्यावसायिक तरकारी र फलफूल खेती थालेका छौं,' स्थानीय निरक रावलले भने, 'नजिकै बजार छ, सिंचाइ पनि प्रशस्त, जे लगाए पनि फल्ने यहाँको राम्रो माटो छाडेर किन भारी बोक्न अर्काको देश जानु ?'

कृषक व्यवसाय पाठशालामार्फत व्यावसायिक योजना बनाउनेदेखि उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सामूहिक छलफल गर्छन् । लिंक हेल्भेटासको साना किसानहरूको स्थानीय संस्था र बजारसँग पहुँच कार्यक्रम पनि ११ महिनायता यस गाउँमा क्रियाशील छ । जसले, उत्पादित कृषिजन्य वस्तु बजारसम्म पुऱ्याउन सहयोग गर्छ । किसानका उत्पादन संकलकले बजार मूल्यमा खरिद गर्छन् । टमाटर, काउली, बन्दा, प्याज, आलु, सिमीलगायत मौसमी/बेमौसमी तरकारी र फलफूल खेतीमा सबै घरधुरीले जोड दिएका छन् । तल्लो डुंगेश्वरमा खपत नभएको तरकारी सुर्खेतमा देवकोटा सब्जीमण्डीमा सिधै पठाउने व्यवस्था मिलाइएको छ । ताजा तरकारीबाट मनग्य आम्दानी गर्न सफल भएका छन् तोलीपानीवासी ।

तोलीपानीका महिलाको संघर्ष प्रशंसनीय रहेको गाविस सचिव चित्रप्रसाद भट्टराई बताउँछन् । 'पिछडिएको वडामा महिलाकै सक्रियताबाट पूर्वाधारसम्बन्धी कार्यक्रम भित्रिएका हुन्,' उनले भने ।